# खनिज कार्य गर्ने अनुमति पत्र लिनका लागि अपनाउनु पर्ने प्रक्रियाको संक्षिप्त परिचय




नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**खानी तथा भूगर्भ विभाग**
लैनचौर, काठमाण्डौ ।

२०७९

देशको द्रुततर आर्थिक विकासको लागि देशमा भैरहेको खानी तथा खनिज श्रोतहरुको विकास गर्ने उद्देश्यले खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा नियामावली २०५६ लागू रहेको छ। ऐन तथा नियमले देशको खनिज सम्पदाको खोजतलास, अन्वेषण, विकास र उत्खनन् गर्ने र सो मा लाग्ने राजश्वका सम्बन्धमा व्यवस्था गरी राज्यको प्राकृतिक सम्पदामा सबै नागरिक र खनिज कार्य गर्ने उद्देश्य राखी विधिवत स्थापना भएका कम्पनीको समान हक लाग्ने व्यवस्था गरेको छ। यो कानुनी व्यवस्था बमोजिम यस खानी तथा भू-गर्भ विभागबाट खानी तथा खनिज श्रोतको विकास र प्रशासन सम्वन्धी कार्यहरु भैरहेको छ।

## खानी तथा खनिज पदार्थ ऐन, २०४२ का मूलभूत विशेषताहरू:

- देशभर नीजि वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमिनको सतह वा भूगर्भ भित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पती हुने,
- खनिज पदार्थको प्रकृतिको आधारमा धातु र अधातु गरी दुई प्रकारमा र महत्वको आधारमा अति महत्वपूर्ण, महत्वपूर्ण तथा बहुमूल्य र सामान्य गरी तीन प्रकारमा खनिज पदार्थको वर्गीकरण गरिएको,
- खनिज कार्य गर्ने एकाधिकार नेपाल सरकारलाई हुने, विभाग आफैले वा अरु कुनै व्यक्ति वा कम्पनीलाई अनुमति प्रदान गरी खनिज कार्य गर्न गराउन सक्ने व्यवस्था भएको,
- खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण एकिन भई नसकेको खनिज पदार्थको खोजतलास र गुणस्तर तथा परिमाण एकिन भैसकेको खनिज पदार्थको उत्खनन कार्यको अनुमतिको लागि विभागसमक्ष निवेदन दिनसक्ने र विभागले जाँचबुझ गरी अनुमतिपत्र दिनसक्ने व्यवस्था भएको,
- अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक वर्ष खनिज कार्य गर्न स्वीकृत कार्ययोजना अनुसारको प्रगति बिवरणका साथ अनुमतिपत्र अनिवार्य रुपले नवीकरण गराउनु पर्ने,
- खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्ने नहुने,
- अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारलाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा रोयल्टी तथा अन्य दस्तुर र स्थानीय तहलाई रोयाल्टीको आधारमा स्थानीय विकास शुल्क बुझाउनुपर्ने व्यवस्था भएको,
- कसैले ऐन-नियम बमोजिम खनिज कार्य गर्ने अनुमतिपत्र नलिई वा आदेश निर्देश वा ऐन नियमा तोकिएको शर्त पुरा नगरी खनिज कार्य गरेमा दण्ड सजायको व्यवस्था गरेको।

## खानी तथा खनिज पदार्थ नियमावली,२०५६ का प्रमुख विशेषताहरू:

- खनिज पदार्थको वर्गीकरण गरिएको,
- दैनिक उत्पादनका आधारमा खनिज उत्खनन् कार्यलाई अति साना, साना, मझौला र ठूला गरी चार स्तरमा विभाजन गरिएको,
- खनिज कार्यको अनुमतिपत्र लिन चाहनेको योग्यता निर्धारण गरिएको,
- खोजतलास कार्य र उत्खनन् कार्यसम्बन्धी प्रक्रियागत व्ववस्थाहरु गरिएको,
- रोयल्टी, स्थानीय विकास शुल्क, धरौटी तथा अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, भूवहाल आदि  तोकिएको,
- खास खनिज पदार्थ तथा साधारण निर्माणमुखी खनिज पदार्थ सम्बन्धमा विशेष व्यवस्था गरिएको,
- खनिज सम्पदा तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था गरिएको,
- खनिज क्षेत्र परित्याग सम्बन्धी व्यवस्था भएको,
- खनिज क्षेत्रको अनुमति पत्रको नामसारीको व्यवस्था गरिएको।

## खनिज कार्य गर्न अनुमतिपत्र लिन अपनाउनु पर्ने प्रक्रिया:

क. खोज तलास कार्यको अनुमति पत्र लिनको लागि आवश्यक योग्यता:

१. खोजतलासको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले विवरण, हुलाक ठेगाना, घर नं., टोल खुलाउने)

१.१. अनुमति पत्र लिनको लागि कम्तीमा मिम्न अनुसारको अनुभव र आर्थिक हैसियत हुनुपर्दछ,

| **खनिज** | **अनुभव** | **आर्थिक हैसियत प्रति वर्ग कि.मि. को लागि** | |
|---|---|---|---|
| | | **खोजतलास** | **उत्खनन्** |
| अति महत्वपूर्ण | २ वर्ष | ४ लाख | ३० लाख |
| महत्वपूर्ण तथा बहुमूल्य | २ वर्ष | २ लाख | २० लाख |
| सामान्य | १ वर्ष | १ लाख | १० लाख |

१.२. उपरोक्त बमोजिम अनुभव भएको व्यक्ति/ प्रा.लि. ले तत्सम्बन्धी खनिज कार्य गर्ने विषेशज्ञको प्राविधिक परामर्श सेवा लिनु पर्नेछ । यसका लागि सम्बन्धित विशेषज्ञको देहाय बमोजिमका कागजात दरखास्त साथै पेश गर्नुपर्नेछ ।

क) कन्सल्टेन्सीको नाम

ख) कन्सल्टेन्सीको प्रमाणपत्र (घरेलु दर्ता सहित)

ग) कन्सल्टेन्सीको प्यान दर्ता

घ) कन्सल्टेन्सीको पत्र

ङ) प्राविधिक सेवा दिने व्यक्तिको Bio–data तथा मञ्जुरिनामा सही सहित

च) शैक्षिक योग्यताको प्रमाणपत्र

छ) करचुक्ता कागजातहरु

ज) स्वघोषणा

कार्ययोजना अख्तियारी प्राप्त व्यक्ति र प्राविधिक सेवा उपलब्ध गराउने कन्सल्टेन्सीको समेत दस्तखत, सहि, छाप भएको हुनुपर्ने ।

१.३. आर्थिक हैसियतको सम्बन्धमा सम्बन्धित गा.पा. वा न.पा. बाट चल/ अचल सम्पतिको मूल्य निर्धारण गरेको कागजात वा नगद बैंक मौज्दात वा शेयरको प्रमाण पेश गर्नुपर्ने छ ।

आर्थिक हैसियत सम्बन्धमा पेश कागजातहरु

(निवेदकको नाममा रहेको)

| | |
|---|---|
| बैंकको पत्र/बैंक्तको स्टेटमेन्ट भए (हालसालको) | घर जग्गा मूल्याङ्कन भए |
| बैंकको नाम................................ | सिफारिस दिने गा.वि.स/न.पा. को सिफासिस पत्र |
| रकम..................................... | रकम .............................. |
| मिति...................................... | मिति .............................. |

जग्गालाई पुष्टि हुने कागजातहरु, Blue print, करचुक्ता,लालपूर्जा आदि

१.४ उपरोक्त योग्यता र आर्थिक हैसियत भएको खण्डमा अनुसूची–३ अनुसारको निवेदन साथै प्रस्तावित कार्ययोजना, ३ प्रति फोटो तथा विभागको शाखामा रहेको टोपो नक्सामा मूलचिन्ह हेरी घटीमा ०.२५ वर्ग कि.मि. देखि बढीमा २५० गर्व कि.मि. सम्मको क्षेत्र रेखाक्तित टोपोनक्सा (स्पष्ट) माग गर्न निवेदन विभागमा दर्ता गराउनुपर्ने छ । तर साधारण निर्माणमुखि खनिज ढुङ्गा, क्वारजाईटमा ०.२५ वर्ग कि.मि. एरिया (Area)उल्लेख गर्ने, व्यक्तिको हकमा नागरिकता प्रतिलिपी  र कम्पनीको हकमा

(क) अख्तियारनामा सहितको संचालक माइन्यूट निर्णयको प्रतिलिपी, अख्तियारी दिइएको व्यक्तिको नमुना दस्तखत संचालकबाट प्रमाणित गरेको हुनुपर्ने ।

(ख) संचालकको नागरिकता/वैदेशिक लगानी स्विकृत पश्चात संचालक विदेशीको हकमा पासपोर्ट नं. आदिको प्रतिलिपी

(ग) खनिज  कार्य गर्ने उद्देश्य र अधिकृत पूजीले खाम्ने गरी उल्लेख भएको प्रवन्धपत्र, नियमावली, प्यान, करचुक्ता कागजको प्रतिलिपी

(घ) कंपनी अधावधिक विवरण, कागजातको प्रतिलिपी

१.५ अन्य कागजातहरुः

- स्वघोषणा
- बाँकी बक्यौता भएमा चुक्ता भएको हुनुपर्ने
- नेपाल सरकारद्धारा घोषित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, संरक्षण क्षेत्र, चुरेको हकमा सम्बन्धित निकायको सिफारिस पत्र आवश्यक पर्ने ।
- प्यान दर्ता कागजात
- विदेशी लगानीको हकमा
  - विदेशी लगानी स्वीकृती पत्र - स्थान, उद्देश्य, पूंजी स्पष्ट हुनु पर्ने ।
  - विदेशी लगानी स्वीकृती उद्योगको पूजी वृद्धि, उद्देश्य थप/परिवर्तन भएमा/ स्थान परिवर्तन/ क्षमता वृद्धि भएमा पुन सहमती प्राप्त भई प्रस्तावित खनिज र स्थानको लागि लगानी स्वीकृती भएको पत्र ।
  - माथि उल्लेखित सबै कागजातहरु ।

पेश सबै कागजातहरूमा सही छाप भएको हुनुपर्ने र प्रतिलिपी कागजातहरु प्रमाणित हुनु पर्नेछ ।

यसरी परेको निवेदन उपर जाँफबुझ गरी ठीक भएमा निम्नानुसार अनुमति दस्तुर र अनुसूची-१४ बमोजिमको भू-बाहाल दाखिला भएपछि खोजतलास अनुमतिपत्र प्रदान गरिनेछ, जसको अवधी खनिज पदार्थ हेरी २ देखी ४ बर्षसम्म हुनेछ ।

१.६ व्यक्ति विशेषलाई एक खनिजका लागि एउटा मात्र र फरक फरक खनिजका लागि तीन वटासम्म र कम्पनीको हकमा एक खनिजको लागि ३ वटा र तीन वटा फरक फरक खनिजको लागि जम्मा ९ वटासम्म खोजतलास कार्यको अनुमतिपत्र दिन सकिने नीति विभागले लिएको छ ।

कुनै एक संचालक अरु विभिन्न कम्पनीहरुको संचालक भएको अवस्थामा निज संचालक रहेको कम्पनीहरुलाई पनि एकै कम्पनी मानी सोही अनुसार खोजतलास कार्यको अनुमतिपत्र दिन सकिने छ ।

१.७ खोजतलास कार्यको लागि लाग्ने दस्तुर सम्बन्धी व्यवस्था बमोजिमको भू-बाहाल दाखिला भएपछि खोजतलास अनुमतिपत्र प्रदान गरिनेछ, जसको अवधी खनिज पदार्थ हेरी २ देखी ४ बर्षसम्म हुनेछ ।

१.८ व्यक्ति विशेषलाई एक खनिजका लागि एउटा मात्र र फरक फरक खनिजका लागि तीन वटासम्म र कम्पनीको हकमा एक खनिजको लागि ३ वटा र तीन वटा फरक फरक खनिजको लागि जम्मा ९ वटासम्म खोजतलास कार्यको अनुमतिपत्र दिन सकिने नीति विभागले लिएको छ ।

कुनै एक संचालक अरु विभिन्न कम्पनीहरुको संचालक भएको अवस्थामा निज संचालक रहेको कम्पनीहरुलाई पनि एकै कम्पनी मानी सोही अनुसार खोजतलास कार्यको अनुमतिपत्र दिन सकिने छ ।

१.९ खोजतलास कार्यको लागि लाग्ने दस्तुर सम्बन्धी व्यवस्था

| क्र.स. | विवरण | अति महत्वपूर्ण खनिज | महत्वपूर्ण तथा बहुमूल्य खनिज | सामान्य खनिज |
|---|---|---|---|---|
| १ | अनुमतिपत्र दस्तुर | रु. ७५,०००।- | रु. ५०,०००।- | रु. २५,०००।- |
| २ | नवीकरण दस्तुर | रु. ३७,५००।- | रु. २५,०००।- | रु. १२,५००।- |
| ३ | अवधि थप दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| ४ | नामसारी दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| ५ | धरौटी | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| ६ | प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु. १,०००।- | रु. १,०००।- | रु. १,०००।- |

१.१० प्रस्तावित कार्य योजनामा समावेश हुनुपर्ने कुराहरुः खोजतलासको अवधिभित्र कुन कार्य कसरी, कोवाटा गराइने हो तालिका बनाई पेश गर्नुपर्नेछ, त्यसमा लागि लाग्ने अनुमानित लागत आदि उल्लेख हुनुपर्नेछ ।

१.११ नेपाल सरकारद्धारा घोषित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, संरक्षण क्षेत्र चुरेको हकमा सम्बन्धित निकायको सिफारिस पत्र आवश्यक पर्ने र सरकारद्धारा निषेधित क्षेत्र, विभागीय रोक्का क्षेत्रमा (नियमानुसारको प्रकृया नपुऱ्याई) खनिज कार्यको अनुमति नदिइने ।

१.१२ अनुमति पत्र प्राप्त भएको मितिले १८० दिनभित्र कार्य सुरु गर्नुपर्नेछ ।
उक्त अवधिभित्र कार्य गर्न नसक्ने भएमा अवधिभित्रै निवेदन दिई अवधी थप गर्नुपर्नेछ।अनिमति पत्रमा उल्लिखित अवधि भित्र कार्य सम्मपन्न हुन नसकेमा अवधि थपको लागि अनुसूची-६ अनुसार अवधि समाप्त हुन ३ महिना अगावै निवेदन दिनुपर्नेछ ।निवेदन पर्न आएपछि आवश्यक जाँचवुझ गरी शर्तअनुसार प्रक्रियागत कुराहरु पूरा भए नभएको हेरी अवधि थप गर्ने निर्णय भएमा माथि उल्लेखित दस्तुर दाखिला गर्न लगाइनेछ र एक वर्षको अवधि बढाउन सकिनेछ।यस्सो अवधि पटक पटक गरी २ वर्ष मात्र थप गर्ने सकिनेछ।अनुमति पत्र लिने व्यक्तले आफूले गरेको काम कारबाहिको प्रगति प्रतिवेदन ५/५ महिनामा विभाग समक्ष दिनुपर्नेछ ।

१.१३ खोजतलास कार्य गर्दा पालना गर्नुपर्ने शर्त तथा पाउने सुविधा नियमावलीमा उल्लेख भएअनुसार हुनेछ ।

**२. उत्खनन् कार्यको अनुमतिपत्र लिनका लागि अपनाउनुपर्ने प्रक्रियाः**

२.१ खोजतलास अवधिभित्रै गुणस्तर तथा परिमाण यकीन गरी उत्खनन् कार्यको विस्तृत योजना, प्रतिवेदन, मूलचिन्ह, टाई-अप नक्सा, कित्ता नापी नक्सा, खनिजस्तरको आधारमा वावावरणीय प्रभाव बारेको प्रतिवेदन, नीजि जग्गा भएमा जग्गाधनीसाग भएको सम्झौता तथा ज.ध. पूर्जा, ३ प्रति फोटो संलग्न गरी अनुसूची-/ फाराम समेत भरी अनुसूची-७ अनुसारको निवेदन दिनुपर्नेछ ।खनिज उत्खनन् क्षेत्रको हकमा खानीको स्तर हेरी ०.२५ वर्ग कि.मि. देखी वढीमा २५ वर्ग कि.मि. सम्म क्षेत्र माग गर्न सकिनेछ ।

२.२ उत्खनन निवेदन पेश गर्दाको आवश्यक कागजात

१. अनुमति प्राप्त गर्ने र कन्सल्टेन्सीको दस्तखत छापसहितको माइनिङ्ग स्कीम
२. अनुसूची-७ निवेदन
३. कानूनी मापदण्डको जग्गाधनी मंजुरिनामा र जग्गाधनी पूर्जा, नागरिकताको नोटरी पब्लिक प्रमाणित कागजात
४. ब्लु प्रिन्ट नक्सा (नक्सा नं., सिट नं. र कित्ता नम्बर खुलेको प्रिन्ट नक्सा)
५. विभागबाट निर्दिष्ट स्वःघोषणा
६. संचालकको माइन्यूट, अख्तियारनामा
७. प्राविधिक सेवा प्रदायकको बायोडाटा, प्रतिज्ञा पत्र र करचुक्ता कागजात, प्यान, भ्याट प्रमाण कागजात
८. आर्थिक हैसियतको कागजात

२.३ उत्खनन् कार्यको प्रस्तावित योजना (Mining Scheme):
उत्खनन् कार्यको प्रस्तावित योजनामा देहायका कुराहरु समावेश भएको हुनु पर्छ :

१. सारांस,
२. खनिज तथा खानी क्षेत्रको परिचय,
३. स्थान तथा पहुाच,
४. खानी क्षेत्रको भू-बनोट
५. खानी क्षेत्रको सामाजिक तथा आर्थिक मूल्याङ्कन,
६. जियोलजी
    ६.१ रिजनल जियोलजी
    ६.२ लोकल जियोलजी
    ६.३ अन्वेषण कार्य विबरण
    ६.४ खनिज भण्डार तथा गुणस्तर

७. माइनिङ्ग
  ७.१ माइनिङ्ग स्थिति
  ७.२ माइनिङ्ग भण्डार तथा गुणस्तर
  ७.३ ओभर बर्डन तथा वेस्ट परिमाण, Stripping Ratio
  ७.४ उत्पादन योजना
  ७.५ माइनिङ्ग मेथड
  ७.५.१ माइन प्लान र डिजाईन
  ७.५.२ माइन डेभलपमेन्ट
  ७.५.३ उत्पादन तरीका
  ७.५.४ खानी उत्पादन तालिका (Schedule of Mining)
८. ड्रिलिङ्ग तथा ब्लास्टिङ्ग (ब्लास्टिङ्गको हकमा मात्र)
  ८.१ ड्रिलिङ्ग तथा ब्लास्टिङ्ग Parameters
  ८.२ Explosive Consumption
९. ओभरबर्डन तथा वेस्ट व्यवस्थापन
१० Transportation सिस्टम
११. माइनिङ्ग औजार तथा यन्त्र
१२. जनशक्ति
१३. वातावरणीय व्यवस्थापन (पुर्नस्थापना समेत)
१४. सेफ्टी व्यवस्थापन
१५. गुणस्तर व्यवस्थापन
१६. आर्थिक विश्लेषण (औद्योगिक व्यवसाय ऐन अनुसार)
१७. निश्कर्ष तथा सुझाव
१८. खनिज क्षेत्रको निम्नानुसारको भौगर्भिक तथा सर्भे नक्साहरु

१. सर्भे नक्सा
(क) मूल चिन्ह टाइअप नक्सा १:५००० स्केलमा
(ख) जियोलजिकल नक्सा : जियोलजिकल नक्सा खनिजको गुण तथा प्रकृति अनुसार १:५०० वा १:२००० को स्केलसम्म।
(ग) कम्पाइल नक्सा (कित्ता नापी नक्सा), प्रत्येक जिल्लाको नापीको कित्ता नक्साको स्केल अनुसार
(घ) लोकेशन नक्सा, १:२५००० वा १:५०००० स्केलको टोपोसिटमा चौहद्धी कोरिएको ।
२ उत्खनन् प्रविधि तथा योजना सम्वन्धी नक्साहरु (Mine Plan and Sections)
३ ड्रिलिङ्ग तथा ब्लास्टिङ्ग Pattern (आवश्यकता अनुसार) ।
४ खनिज Analysis report ।
५ खानी क्षेत्रका फोटोहरु । (मूल चिन्हको फोटो अनिवार्य रुपमा देखाइनु पर्ने)

नोट :भूमिगत उत्खनन् कार्यको लागी आवश्यकता अनुसार थप बुँदाहरु जस्तैः Ventilation, Underground Support आदि बारेमा खुलाउनु पर्नेछ ।

माइनिङ स्किमको विभागीय निर्णयले सैद्धान्तिक स्वीकृति पश्चात वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने

## वातावरणिय अध्ययन प्रतिवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१. वातावरण संरक्षण ऐन २०७६ र सो को नियमावली २०७७ बमोजिम प्राप्त हुनुपर्ने ।
२. वातावरणिय अध्ययन सम्बन्धी स्थान, ठाउँ र नियामक सहितको १५ दिने सूचनाको सक्कल प्रति ।
३. उक्त गा.पा./न.पा. मा सूचना टाँस गरी सम्बन्धित स्थानीय सरकारको रोहवरमा कम्तिमा ४ जनाबाट दस्तखत भएको ठाउँ खनिज पदार्थ उल्लेख हुने मुचुल्काको कागजात ।

४. सम्बन्धित स्थानीय सरकारबाट उक्त सूचनामा कोही कसैको दाबी विरोध परे/नपरेको व्यहोरा सहितको तोकिएको खनिज पदार्थ ठाउा स्थान र चौहद्धि विवरण सहितको उत्खनन सिफारिस सहितको पत्र।

त्यसरी परेको निवेदनमा विभागले आवश्यक जाँचबुझ गरी उत्खनन् गर्न अनुमति दिने निर्णय भएमा नियमानुसार दस्तुर तिरी ३० दिनभित्र प्रमाणपत्र बुझि लिनुपर्नेछ।

## २.४ उत्खनन् कार्यको लागि लाग्ने दस्तुर सम्बन्धी व्यवस्था

| क्र.म. | विवरण | अति महत्वपूर्ण खनिज | महत्वपूर्ण तथा बहुमूल्य खनिज | सामान्य खनिज |
|---|---|---|---|---|
| १ | अनुमतिपत्र दस्तुर | रु. ७५,०००।- | रु. ५०,०००।- | रु. २५,०००।- |
| २ | नवीकरण दस्तुर | रु. ३७,५००।- | रु. २५,०००।- | रु. १२,५००।- |
| ३ | अवधि थप दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| ४ | नामसारी दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| ५ | धरौटी | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| ६ | प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु. १,०००।- | रु. १,०००।- | रु. १,०००।- |

## २.५ भु-बहाल र अवधिः

भु-बहाल अनुसूची- १४ बमोजिम र माथि उल्लेखित दस्तुर समेत दाखिला गरी भौचर बुझाएपछि नियमानुसार शर्त गराई उत्खनन् अनुमति पत्र प्रदान गरिनेछ, जसको स्तरको आधार बमोजिम १० देखी ३० वर्षसम्मको अवधि हुनेछ।

**वार्षिक भू-वहाल**

१. पहिलो वर्ष प्रति वर्ग किलोमिटर पााच हजार रुपैयाँका दरले।
२. दोस्रो वर्ष प्रति वर्ग किलोमिटर दश हजार रुपैयाँका दरले।
३. तेस्रो वर्ष प्रति वर्ग किलोमिटर पन्त्र हजार रुपैयाँका दरले।
४. चौंथो वर्ष प्रति वर्ग किलोमिटर बीस हजार रुपैयाँका दरले।
५. पााचौं वर्ष प्रति वर्ग किलोमिटर पच्चीस हजार रुपैयाँका दरले।
६. छैठौं वर्ष वा सोभन्दा पछि प्रति वर्ग किलोमिटर तीस हजार रुपैयाँका दरले।

**द्रष्टव्यः** खोजतलास चरणबाट उत्खनन् चरणमा जाँदा वर्षलाई निरन्तरता दिई भू-बहाल हिसाव गरिनेछ।

तर सिमेण्टस्तरको चुनढुङ्गाको हकमा सुरुको अवधिमा भने अति साना र साना स्तरका लागि क्रमशः १५ र २० वर्षसम्म हुनेछ।

तोकिएको अवधिमा उत्खनन् सम्मपन्न सम्पन्न नहुने भएमा ३ महिना अगाबै अनुसूची-९ बमोजिम वार्षिक प्रगति विवरणको साथै अवधि थपको लागि निवेदन दिनुपर्नेछ।

त्यसरी परेको निवेदन उपर जााचबुझ गरी म्याद थप्ने निर्णय भएमा उल्लिखित दस्तुर बुझाउन लगाई स्तरको आधारमा क्रमशः १,२,५ र १० वर्षको लागि अवधी थप गर्न सकिनेछ।

२.६ अनुमति पत्र प्राप्त गरेपछि २ वर्षभित्र उत्खनन् कार्य संचालन गर्नुपर्नेछ। उक्त अवधिभित्र संचालन सुरु नगरेमा अनुमती रद्द गर्न सकिनेछ।

२.७ उक्त अवधिभित्र उत्पादन गर्न नसक्ने भएमा ३ महिना अगावै विभागलाई जानकारी गराई १ वर्ष म्याद बढाउन स्वीकृतिको लागि माग गर्नुपर्नेछ।

### ३. रोयल्टी सम्बन्धी व्यवस्थाः

- उत्खनन् गरी आएको खनिज परिमाणको आधारमा अनुसूची–१० बमोजिम उत्पादन रोयाल्टी जुन महिनाको हो त्यसपछिको महिनाको ७ गतेभित्र बैंक दाखिला गरी दोस्रोप्रति भौचर तथा उत्पादन विवरण १५ गतेभित्र विभागमा पेश गर्नुपर्नेछ ।
- उत्पादित खनिजको विवरण खानिद्वारको रजिष्टरमा विभागले उपलब्ध गराएको फाराम अनुसार अध्यावधिक रुपले जाँचबुझको लागि अनिवार्य रुपमा राख्नुपर्नेछ ।
- रोयल्टीका अतिरिक्त रोयल्टीको दश प्रतिशतले हुने रकम स्थानीय विकास शुल्क वापत सम्बन्धित पालिकामा बुझादनुपर्नेछ ।
- उत्पादन नभएको महिनाको सम्बन्धित स्थानीय तहबाट कुन कुन महिनामा के कति कारणबाट उत्पादन भए नभएको विभागबाट पनि निरिक्षण गर्न सकिनेछ ।
- म्यादभित्र रोयल्टि रकम दाखिला नगरेमा सो म्याद समाप्त भएको मितिले ३ महिनासम्म बुझाउनुपर्ने रोयल्टी रकमको दस प्रतिशत छ महिनासम्म बीस प्रतिशत र एक वर्षसम्मा तीस प्रतिशतका दरले अतिरिक्त रकम रोयल्टीमा थप गरी विभागमा बुझाउनुपर्नेछ ।

### ४. खास खनिज पदार्थको सम्बन्धमा

- विभागले खोजतलास गरी पत्ता लगाएको तथा गुण र परिमाण समेत यकिन भइसकेको खास खनिज पदार्थको उत्खनन् कार्य गर्न र थप अन्वेशण गर्नु पर्ने खनिजको हकमा खास खनिज खोजतलास कार्यका लागि विभागबाट राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गरिनेछ ।
- यसरी प्राप्त प्रतिवेदन जाँचबुझ पश्चात सम्बन्धित प्रस्तावकसँग सम्झौता गरी खास खनिज पदार्थको अनुमति पत्र प्रदान गरिनेछ ।

### ५. साधारण निर्माणमुखी खनिज

निर्माण कार्यमा प्रयोगमा आउने साधारण निर्माणमुखी खनिज पदार्थ ढुङ्गा, वालुवा, माटो आदिको लागि खानी तथा खनिज पदार्थ नियमानबली, २०५६ को अनुसूचि– १२ बमोजिमको निवेदन सम्बन्धित पालिकामा दिनुपर्नेछ । त्यस्ता खनिजको लागि सम्बन्धित पालिकामा नै सम्पर्क राखी विस्तृत विवरण लिन सकिनेछ ।

५.१ साधरण निर्माणमुखी खनिज पदार्थको निबेदनका साथ पेश हुनु पर्ने कागजातहरु

१. माईनिङ्ग स्कीम, वातावरण प्रतिबेदनको TOR र IEE को प्राविधिक प्रतिवेदन ।

२. न.पा. / गाँउापालिकको बोर्ड बैठक माईन्यूटको फोटोकपी ।

३. कम्पनी प्रवन्धपत्र, नियमाबलि, करचुक्ता, प्यानको फोटोकपी ।

४. कम्पनी संचालकको नागरिकताको प्रतिलिपि ।

५. यस ठाउँमा ............. खानी उत्खनन् गर्ने भन्ने र अख्तियारनामा सहितको प्रा.लि. को बैठक/ माईन्युटको प्रतिलिपि ।

६. खानी क्षेत्रको ब्ल्यू प्रिन्ट, जग्गाधनी पूर्जा, नागरिकताको फोटोकपी, मन्जुरीनामा लगायतको प्रतिलिपिहरु ।

७. वातावरण संरक्षण ऐन २०७६ र सो को नियमावली २०७७ बमोजिम प्राप्त हुनुपर्ने ।

८. वातावरणिय अध्ययन सम्बन्धी सूचना टाँस मुचुल्का, सार्वजनिक सुनुवाईको निर्णय सहित गा.पा. प्रतिनिधिको दस्तखत भएको कागजात प्रतिलिपि ।

९. दावी विरोध नपरेको व्यहोरा सहितको ........ उत्खनन् सिफारिस गरिएको गा.पा. / न.पा. को पत्र ।

१०. माग क्षेत्र ०.२५ वर्ग कि.मि. हुनुपर्ने ।

११. प्यान दर्ता प्रमाण पत्र ।

१२. (अन्य आवश्यक कागजातहरु) ।

यसरी प्राप्त प्रतिवेदनको प्राविधिक अध्ययन पश्चात विभागले सम्बन्धित पालिकालाई उत्खनन् अनुमति जारीगर्नेगनरी सहमति प्रदान गर्नेछ ।

- अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरणका लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र खोजतलासको लागि अनुसूची–६ तथा उत्खनन् को लागि अनुसूची – ९ तथा वार्षिक उत्पादन फारम भरी जाँच गराई  अनुसूची – ४ मा उल्लेखित रकम मध्ये वर्ग तथा स्तर अनुसारको दस्तुर तथा भूवहाल दाखिला गरी भौचर सहित निवेदन दर्ता गराउनुपर्नेछ।
- **खोजतलास अनुमतिको नबिकरणको लागि निबेदनका साथ पेश गर्नु पर्ने कागजातहरु:**

क) अनुसूची–६ मा उल्लेखित खोजतलास कार्यको प्रगति विवरण ।

ख) स्विकृत कार्य योजना अनुसार प्रगति प्रतिवेदन (आवश्यक नक्सा, फोटोग्राफ, ल्याब रिपोर्ट सहित)।

ग) कम्पनीको हकमा कम्पनी अद्यावधिक भएको सम्बन्धित निकायको पत्र ।

घ) नविकरण तथा भूबहाल दस्तुर बैंक दाखिला गरी सो को भौचर ।

ङ) विभागसाग सम्झौता भई खास खनिज अन्तर्गत अनुमति जारी भएका व्यक्ति/कम्पनीहरूको सम्झौता बमोजिमको प्रगति विवरण र विभागको सोधभर्ना लगायतका नियमानुसार लाग्ने राजश्व दाखिला गरेको भौचर ।

च) विभागको पत्र अनुसार तिर्नु पर्ने बााकी बक्यौता कम्पनिको तर्फबाट सञ्चालक समेत वा व्यक्तिले भुक्तानी गर्नु पर्ने ।

छ) परिमार्जित स्वघोषणा ।

- **उत्खनन् अनुमतिको नबिकरणको लागि निबेदनका साथ पेश गर्नु कागजातहरु:**

क) अनुसूची–९ मा उल्लेख भए बमोजिमको विवरण, तथ्यांक लगायत पुष्टाई हुने कागजात ।

ख) कम्पनीको हकमा कम्पनी अद्यावधिक (कम्तिमा २ वर्ष अघि) भएको सम्बन्धित निकायको पत्र र हालको शेयर लगत प्रमाण ।

ग) वासलात र कर तिरेको प्रमाण (कम्तिमा २ वर्ष अघि), स्थानीय विकास शुल्क दाखिला गरेको प्रमाण ।

घ) वातावरणीय समिक्षा प्रतिवेदन ।

ङ) खानीमा कार्यरत कामदार तथा कर्मचारीको जीवन विमा गरिएको अभिलेखको विवरणको प्रतिलिपी ।

च) नविकरण तथा भूबहाल दस्तुर बैंक दाखिला गरी सो को भौचर ।

छ) ठेक्का पट्टाबाट कार्य गरेको भए ठेकेदारको विवरण, ठेकेदार पक्षबाट प्रयोग भएको मेशिन, औजार, खर्च, लागत, जनशक्ति आदिको विवरण र सम्झौताको प्रति समेत पेश गर्नुपर्ने ।

ज) विभागको पत्र अनुसार तिर्नु पर्ने बााकी बक्यौता कम्पनिको तर्फबाट सञ्चालक समेत वा व्यक्तिले भुक्तानी गर्नु पर्ने ।

झ) परिमार्जित स्घोषणा

- म्यादभित्र नवीकरण नभएमा अनुमति पत्र रद्द हुनेछ र राजश्व तिर्न बुझाउने बाँकी देखिए असुल उपर गरिनेछ ।
- अनुसूची फरामहरु आवश्यक शुल्क तिरी विभागबाट प्राप्त गर्न सकिनेछ ।
- खोजतलास वा उत्खनन् अनुमतिपत्र दिने विभागले निर्णय गरेमा यसरि निर्णय भएको जानकारी

पाएको ३० दिनभित्र आवश्यक राजश्व दाखिला गरी अनुमतिपत्र बुझिलिनुपर्नेछ ।

- विभागको स्वीकृति लिई अनुमतिपत्र नामसारी गर्न सकिनेछ, यसको लागि दस्तुर बुझाउनुपर्नेछ । नामसारी निवेदन दिनको लागि आवश्यक पर्ने कागजातहरू (विभागीय अनुमति पत्र)

**क. नामसारी गरी लिनेको**

१. प्राविधिक हैसियत सहितको रिपोर्ट

२. आर्थिक हैसियत

३. लिनेदिने पक्षको संयुक्त निवेदन

४. अनुमति पत्र नविकरण भएको हुनुपर्ने

५. खोजतलासको हकमा प्रगति विवरण

६. खोजतलास कार्य गर्न बााकी रहेको कार्यको कार्ययोजना

७. खोजतलासको हकमा अनुसूची-३ निवेदन र उत्खनन हकमा अनुसूची-७ निवेदन
व्यक्तिको हकमा नागरिकता प्रतिलिपी तथा फोटो

८. कंपनीको हकमा

(क) संचालक माइन्यूट लिने निर्णय र अख्तियारनामा

(ख) संचालकको नागरिकता । वैदेशिक लगानी स्विकृत पश्चात संचालक विदेशीको हकमा पासपोर्ट नं. आदि

(ग) खनिज कार्य गर्ने उद्देश्य र अधिकृत पूजीले खाम्ने गरी उल्लेख भएको प्रवन्धपत्र, नियमावली, प्यान, करचुक्ता कागज

(घ) कंपनी अधावधिक विवरण, कागजात, स्वः घोषणा

९. बाँकी बक्यौता भएमा चुक्ता भएको हुनुपर्ने

१०. रू १० को टिकट सहितको निबेदन

११. स्वघोषणा

१२. अन्य आवश्यक कुरा

**(ख) दिने पक्ष**

१. सक्कल अनुमति पत्र

२. लिनेदिने पक्ष विभागमा उपस्थित भई निवेदन सनाखत गर्नुपर्ने ।

३. कम्पनीको हकमा
संचालक माइन्यूट दिने निर्णय र अख्तियारनामा

४. अन्य आवश्यक कुरा

यस विषयमा विस्तृत व्यहोरा विभागको खानी नियमन तथा प्रशासन शाखामा बुझ्न सकिनेछ ।

- **खानी क्षेत्र भित्र खनिज उत्खनन् कार्य गर्नुपूर्व भोगाधिकारको सिफारिससाग संलग्न गरी मन्त्रालय पठाउने कागजातहरु**

१. कम्पनी दर्ता प्रमाण पत्रको छायाप्रति ।

२. उद्योग दर्ता प्रमाण पत्रको छायााप्रति ।

३. स्थायी लेखा नम्बरको प्रमाण पत्रको छायााप्रति ।

४. वातावरणीय अध्ययन प्रतिवेदनको प्रमाणित प्रतिवेदनको छायााप्रति ।

५. स्वीकृत माइनिङ्ग स्कीमको प्रतिवेदनको छायााप्रति ।

६. उत्खनन अनुमति पत्रको छायाप्रति ।

७. वनको Inventory एवं अनुमति जारी गर्दाको शर्त सम्बन्धी पत्रहरूको छायाँप्रति ।

८. वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी तथ्यपरक कारण औचित्य र पुष्टी सम्बन्धी प्रतिवेदन ।

९. उद्योगको प्रस्ताव ।

**अनुमतिपत्र रद्द हुने व्यवस्थाः**

अनुमतिपत्र देहायको अवस्थामा रद्द हुनेछः–

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) नियम ७ वा नियम १५ बमोजिम दिइएको अनुमतिपत्र निवेदक आँफैले वा निजको प्रतिनिधिले तीस दिनभित्र बुझि नलिएमा ।

(ग) नियम ४२ बमोजिम नवीकरण नगराएमा ।

(घ) सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गरेमा ।


(घ–१) यस नियमावली बमोजिम तोकिएको रोयल्टी, शुल्क, दस्तुर, भूबहाल आदि यस नियमावलीमा तोकिएको समय भित्र तोकिएको निकायमा नबुझाएमा ।


(घ–२) यस नियमावली बमोजिम विभागमा पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सूचना आदि यस नियमावलीमा तोकिएको समयभित्र पेश नगरेमा ।

(ङ) यस नियमावली बमोजिम तोकिएको शर्तहरुको पालना नगरेमा ।

(च) अनुमतिपत्रको अवधि समाप्त भएमा ।

नोटः अन्य थप जानकारीका लागि विभागको वेबसाइट वा विभागमा सम्पर्क राख्नुहोला ।





नोट:-

१. अनुमति पत्र प्रत्येक आर्थिक वर्षको श्रावण देखि असोज मसान्त भित्र नवीकरण गराउनु पर्नेछ ।
२. सो अवधि भित्र अनुमति पत्र नवीकरण नगराएमा रद्द हुनेछ ।
३. उत्पादन भए नभएको प्रगती विवरण प्रत्येक महिनाको ७ गते भित्र पेश गर्नु पर्नेछ ।
४. उत्पादनको आधारमा बुझाउनु पर्ने रोयल्टी प्रत्येक महिना समाप्त भएको मितिले ७ दिन भित्र राजस्व खातामा दाखिला गरि १५ दिन भित्र भौचर विभागमा पेश गर्नु पर्नेछ ।

फोन: महानिर्देशक - ४४१४७४०, उप-महानिर्देशक - ४४१४३३०
एक्सचेन्ज - ४४११३५६, दर्ता - ४४१३७६५, फ्याक्स नं. ९७७-१-४४१४८०६
ईमेल: dmg_plan@infoclub.com.np, dmgdgo@infoclub.com.np
nsdmg@mos.com.np, Website: www.dmgnepal.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
खानी तथा भू-गर्भ विभाग
कपुरधारा मार्ग, लैनचौर

उत्खनन् कार्यको अनुमति पत्र


**सम्पर्क:**

# खानी तथा भूगर्भ विभाग

लैनचौर, काठमाण्डौं ।

फोन:- ०१-४४१४३३०, ४४२९८५१

वेभसाइट: www.dmgnepal.gov.np

ईमेल: info@dmgnepal.gov.np
plan@dmgnepal.gov.np